# सञ्चारिका समूहको चौथो महाधिवेशन तथा १३औँ वार्षिकोत्सवको अवसरमा
# महासचिव निर्मला शर्माद्वारा प्रस्तुत प्रतिवेदन
# <u>२०६६ वैशाख ३१ गते बिहीबार</u>

सञ्चारिका समूहको चौथो महाधिवेशन तथा १३औँ वार्षिकोत्सवमा सञ्चारिका समूहका सबै सदस्यमा हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु । सञ्चारिका समूहको २०६३ वैशाख ३१ गते काठमाडौंमा सम्पन्न तेस्रो महाधिवेशनबाट निर्वाचित भइसकेपछि सञ्चारिका समूहको लक्ष्य र उद्देश्यअनुरूप हामीले गरेका कामको सङ्क्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु । गएका तीन वर्षमा हामीले हरेक वर्ष आफ्नो वार्षिक साधारणसभा सम्पन्न गर्‍यौँ । ती साधारणसभामा हाम्रा गतिविधिलाई विस्तृत रूपमा छलफल गरेका थियौँ ।

सञ्चारिका समूहको तेस्रो महाधिवेशन सम्पन्न हुँदा मुलुकमा भर्खरै लोकतन्त्रको पुनर्बहाली भएको थियो । शाही शासनकालमा सञ्चार क्षेत्रले भोग्नुपरेको हस्तक्षेपका कारण समूहले गर्न खोजेका धेरै काम थाती नै रहेका थिए । त्यसैकारण हामीले एक वर्ष हाम्रा कार्यक्रम पनि त्यतातर्फ नै केन्द्रित गरेका थियौँ । शाही 'कु'पछिको समयमा धेरै जिल्लामा पत्रकार महिलाहरूले जागिरबाट अवकाश लिनुपरेको थियो । त्यसैगरी सञ्चार क्षेत्रमा भएको हस्तक्षेपका कारण धेरै पत्रकार महिलाले असुरक्षित महसुस गरेका थिए । त्यसैले लोकतन्त्रको पुनर्वहालीपछि हामीले पत्रकार महिलालाई पेसामा आत्मविश्वास बढाउने किसिमका कार्यक्रमतिर हाम्रो ध्यान केन्द्रित गर्‍यौँ ।

यसैअनुरूप सञ्चार क्षेत्रमा कार्यरत महिला पत्रकारहरूको दक्षता वृद्धिका लागि समूहले आफ्ना कार्यक्रमलाई केन्द्रित गऱ्यो । लक्ष्यअनुरूप आफ्ना कार्यक्रमहरू गर्ने क्रममा सञ्चारिका समूहले सञ्चार क्षेत्रमा पत्रकार महिलाहरूको सङ्ख्यात्मक वृद्धिका लागि नीति-निर्माण तथा निर्णायक तहमा रहेका व्यक्तित्वहरूलाई ज्ञापनपत्र बुझायो । यस क्रममा सञ्चारिका समूहले २०६३ जेठ १५ गते तत्कालीन सूचना तथा सञ्चारमन्त्री माननीय दिलेन्द्रप्रसाद बडूलाई र २०६४ असार १५ गते गोरखापत्र संस्थानका तत्कालीन कार्यकारी अध्यक्ष ओम शर्मालाई भेटी ज्ञापनपत्र बुझाएको थियो । ज्ञापनपत्रमा सञ्चारमाध्यमको नीति-निर्माण तथा निर्णायक तहमा पत्रकार महिलाको सङ्ख्यात्मक वृद्धिका लागि सरकारी तहबाट नै सुरुवात हुनुपर्ने र सोका लागि आवश्यक तालिम तथा अवसरको व्यवस्था गर्नुपर्नेजस्ता माग राखिएको थियो । त्यसैगरी सञ्चारमाध्यममा पत्रकार महिलाहरूको सङ्ख्या बढाउनका लागि अनुरोध पनि गरियो ।

तत्पश्चात् लगत्तै २०६३ असार १९ गतेको मन्त्रिपरिषद्को निर्णयबाट बनेको उच्चस्तरीय मिडिया आयोगमा सञ्चारिका समूहको प्रतिनिधित्व गराइयो । जसमा समूहका अध्यक्ष बबिता बस्नेत सदस्यको रूपमा रहनुभएको थियो ।

त्यसैगरी २०६३ मङ्सिर २९ गतेको मन्त्रिपरिषद्को निर्णयबाट बनेको सरकारी सञ्चारमाध्यमको पुनर्संरचना र स्वायत्ततासम्बन्धी उच्चस्तरीय सुझाव कार्यदलमा पनि सञ्चारिका समूहको प्रतिनिधित्व रह्यो । जसमा समूहका महासचिव निर्मला शर्मा सदस्यको रूपमा रहनुभएको थियो ।

जनआन्दोलन भाग- २ को सफलतापछि बनेको लोकतान्त्रिक सरकारले बनाएको उच्चस्तरीय मिडिया आयोगमा सञ्चारिका

समूहको प्रतिनिधित्व गराइनु समूहको इतिहासमा नै ठूलो उपलब्धिको रूपमा हामीले लिएका छौँ ।

सञ्चारिका समूहकै पहलमा चितवनकी संवाददाता शान्ता अधिकारीलाई गोरखापत्रमा पुनर्वहाली गराउन सञ्चारिका समूहले पहल गर्‍यो । त्यसअनुरूप उहाँको पुनर्वहाली पनि भयो । त्यसैगरी गोरखापत्रका तत्कालीन संवाददाता गीता मैनालीलाई बर्खास्त गरेपछि समूहले उहाँको पुनर्वहालीका लागि धेरै पहल गर्‍यो । यसैगरी समूहले आफ्ना साधारण सदस्यहरूलाई उहाँहरूको व्यावसायिक दक्षता बढाउनका लागि राजधानीलगायत राजधानीबाहिरका विभिन्न तालिम, सम्मेलन, कार्यशाला, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा समूहको प्रतिनिधिको रूपमा पठाउने गरेको छ ।

प्रेस स्वतन्त्रताको मुद्दामा सरकार र निजी क्षेत्रबाट पनि सञ्चारिका समूहलाई प्रतिनिधित्व गराउने काम यो कार्यकालमा भएको छ । हामीले लोकतन्त्र र प्रेस स्वतन्त्रताको ग्यारेन्टीजस्ता मुद्दामा निरन्तर लडाइँ लड्यौं ।

हामीले पाँचै विकास क्षेत्रमा कार्यरत पत्रकार महिलाहरूका लागि पाँचदिने फिचरलेखन तालिम सञ्चालन गर्‍यौं । ती कार्यक्रमलाई दुई वर्षसम्म निरन्तरता दिइयो । तालिमपछि पाँचै विकास क्षेत्रमा फलोअप तालिम पनि दिइयो । करिब सयजना पत्रकार महिलाले यी दुवै (फिचरलेखन र फलोअप) तालिमको अवसर पाउनुभएको छ । तालिमपछि पत्रकार महिलाहरूले सञ्चारिका फिचर सेवा ( लेखमालामा) मा फिचर लेख्नुभएको छ । अहिलेसम्म सञ्चारिका समूहको ३० वटा अङ्कमा दुई सय १० वटा लेख प्रकाशन भएका छन् । ती सबै लेख पत्रकार महिलाद्वारा लेखिएका हुन् । पहिलोपटक हामीले समूहको फिचर सेवामा पत्रकार महिलाले मात्र लेख्नका लागि

यो प्रयास गरेका हौँ । यसो गर्नुको कारणबारे बताइरहँदा एकपटक इतिहास कोट्याउनैपर्छ ।

हामीले एघार वर्षदेखि *सञ्चारिका फिचर सेवा* प्रकाशन गर्दै आएका थियौँ । जतिबेला सञ्चारमाध्यममा महिलाका विषयले एकदमै थोरै मात्र स्थान पाउँथे, त्यतिबेला महिलाका विषयमा समाचार वा सम्पादकीय टिप्पणी, लेखरचना प्रकाशनको अभियान मात्रै पनि ठूलो कुरा थियो । यस्तो अवस्थामा हामीले त्यस्तो सेवाको थालनी गरेका थियौँ ।

यो अभियानपछि महिलाका विषयमा लेखरचना, रिपोर्टिङ आउन थाले तर पत्रकार महिलाका लेख भने थोरै आउँथे । कमजोर प्रस्तुति, वस्तुनिष्ठताको अभाव अनि कम सक्रियताका कारण उनीहरूका लेख हाम्रा छनोटमा पनि पर्न गाह्रो हुन्थ्यो । महिला पत्रकारको सङ्ख्या एकदमै थोरै त्यसमा पनि उनीहरूका लेखरचना गुणस्तरीय नहुने समस्या । यसले हाम्रो अभियानलाई केही नसोची नहुने बनायो । त्यसपछि 'अब केही नगरी हुन्न' भन्ने सोचेर समूहले पत्रकार महिलाका मात्रै लेखरचना प्रकाशित गर्ने निर्णय गर्‍यो । जुलाई २००६ देखि डिसेम्बर २००८ सम्म ।

त्यो अढाई वर्ष *सञ्चारिका फिचर सेवा*मा महिलाका रिपोर्टिङ मात्रै प्रकाशित भए । महिलाका मात्रै फिचर छाप्ने भन्नुको अर्थ महिला पत्रकारलाई सक्षम बनाउँदै जानु थियो । यस क्रममा पाँचै विकास क्षेत्रमा महिलाका लागि फिचरलेखन तालिम सञ्चालन गरियो । तालिम लिएका महिला पत्रकारलाई फिचरलेखनमा सहयोग गर्न पाँचै विकास क्षेत्रमा सम्पादन सहयोगी नियुक्ति गरियो । त्यसपछि सकेसम्म गुणस्तरमा सम्झौता नगरीकन महिला सञ्चारकर्मीका मात्रै लेखरचना राखेर अढाई वर्ष *सञ्चारिका फिचर सेवा* प्रकाशित भयो । त्यसै फिचर सेवामा प्रकाशित केही लेखहरूको सङ्गालो गरेर समूहले

नसुनिएका आवाज र त्यसको अङ्ग्रेजी संस्करण unheard voices नामक पुस्तक पनि प्रकाशन गरेको छ ।

उक्त किताब जुलाई २००६ देखि डिसेम्बर २००८ सम्म समूहले प्रकाशन गरेका तिनै लेखहरूमध्येबाट छानिएका लेखहरूको सङ्गालो हो । यसका सबै लेखक पत्रकार महिला हुन् । पत्रकार महिलाले खोजेका, मूलधारका पत्रपत्रिकाले स्थान नदिएका अथवा भनौं मूलधारले वास्ता नगरेका धेरै विषयवस्तु समावेश छन् उक्त पुस्तकमा । तर, यसबीचमा प्रकाशित सबै लेखलाई उक्त पुस्तकमा समावेश गर्न सकेका छैनौं । भविष्यमा बाँकी अन्य लेखहरू पनि यो पुस्तकमा प्रकाशित गरेर दोस्रो संस्करण निकाल्ने योजना रहेको छ ।

समूहले उक्त फिचर सेवामार्फत न्यूनतम पारिश्रमिकको व्यवस्था पनि गरेको थियो । यतिसम्म कि कतिपय पत्रकार महिलाले रिपोर्टिङ गरेर पहिलोपटक *सञ्चारिका फिचर सेवा*बाट पारिश्रमिक पाएको अनुभव सुनाएको संयोग पनि हामीसँग छ । उक्त पुस्तक यस रूपमा आउनुमा तिनै सङ्घर्षशील महिलाको प्रमुख योगदान छ, हामी उनीहरूलाई धन्यवाद दिन्छौं ।

सञ्चारिका समूहले सञ्चार क्षेत्रमा पत्रकार महिलाहरूको सङ्ख्यात्मक वृद्धिका लागि नीति-निर्माण तथा निर्णायक तहमा रहेका सम्पादक तथा प्रकाशक र समाचार प्रमुखसँग बेलाबेलामा अन्तरक्रिया कार्यक्रम पनि गरेको छ । यस्ता खालका अन्तरक्रिया हरेक क्षेत्रमा दुई-दुईपटक गरेका छौं । जसका कारण अहिले जिल्ला तहमा र केन्द्रीय तहमा पत्रकार महिलाको सङ्ख्या बढेको छ । समूहको तालिमपछि धेरै पत्रकार महिलाले केन्द्रीय तहदेखि जिल्ला तहमा बसेर काम गर्नका लागि विभिन्न सञ्चारमाध्यममा अवसर पनि पाएका छन् । त्यसैगरी स्वतन्त्र रूपमा फिचर र लेख लेख्ने पत्रकार महिलाको सङ्ख्या पनि यी तालिमपछि बढेको छ । समूहले उनीहरूका लेख

सम्बन्धित ठाउँमा पुऱ्याउनका लागि पुलको काम गरेको छ । कतिपय अवस्थामा विषयवस्तु छनोटदेखि खोजीमा पर्याप्तता भए/नभएको विषयमा सुझाव दिएर हरेक सञ्चारमाध्यममा महिलाको सङ्ख्या बढाउन हाम्रो प्रयास निरन्तर रह्यो ।

केन्द्रीय तहमा समूहले पहिलोपटक महिला पत्रकारहरूको राष्ट्रिय सम्मेलन काठमाडौंमा गऱ्यो । गत वर्षको मार्च २-३, २००८ (१९-२० फागुन २०६४) का दिन समूहले काठमाडौंमा मुलुकभरका पत्रकार महिलाहरूको भेला गराई दुईदिने राष्ट्रिय सम्मेलन गरेको थियो । उक्त राष्ट्रिय सम्मेलनमा केन्द्रीय स्तरका सम्पादक, प्रकाशक तथा सञ्चारमाध्यमका नीति-निर्माण तहका व्यक्तित्वहरू तथा सहभागी पत्रकार महिलाबीच अन्तरक्रिया पनि गरिएको थियो ।

सम्मेलनमा नेपालभरिका करिब दुई सय पत्रकार महिलाहरूको सहभागिता थियो । पत्रकार महिलाहरूको नीति-निर्माण तहमा रहेका सम्पादक तथा प्रकाशकसँग प्रत्यक्ष भेटघाट र छलफल होस् भन्ने उद्देश्यले कार्यक्रम पनि गरेका थियौं । त्यसैगरी सञ्चार क्षेत्रको निर्णायक तहमा महिला पत्रकारहरूको सहभागिता बढाउन राष्ट्रिय सम्मेलनको आयोजना गरिएको थियो । सम्मेलनमा पाँचै विकास क्षेत्रका पत्रकार महिलाहरूको अवस्था, उनीहरूका समस्या र अवसरको सम्भावनाबारेमा कार्यपत्र प्रस्तुत गरिएका थिए । पत्रकार महिलाहरूको राष्ट्रिय सम्मेलन सञ्चारिका समूहले पहिलोपटक आयोजना गरेको थियो ।

समूहको अर्को महत्वपूर्ण उद्देश्य सञ्चारमाध्यममा महिलाका विषयलाई मूल प्रवाहीकरण गर्नु हो । त्यसैअनुरूप संविधानसभाको निर्वाचनलाई केन्द्रित गरेर हामीले धेरै कार्यक्रम जिल्ला र केन्द्रीय तहमा गरेका छौं । संविधानसभाको निर्वाचनमा सञ्चारमाध्यमको भूमिका र संविधानसभाको निर्वाचनमा महिलाको सहभागिता र

महिलाका विषय के-के हुन सक्छन् भनेर हामीले विभिन्न किसिमका कार्यक्रम गऱ्यौँ । जसअन्तर्गत रेडियो कार्यक्रम र टेलिभिजन कार्यक्रम उत्पादन र प्रसारण, सडकनाटक, न्युजलेटर प्रकाशन, रेडियो जिङ्गल निर्माण र प्रसारण, क्षेत्रीय र राष्ट्रिय स्तरमा अन्तरक्रिया कार्यक्रम र सम्मेलन गरेका थियौँ र त्यसैगरी शान्ति-प्रक्रियाका हरेक चरणमा महिलाको सहभागिता र भूमिकाका सम्बन्धमा काठमाडौंलगायत अन्य विभिन्न जिल्लामा पनि अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । यसैगरी महिलामाथि हुने हरेक किसिमका हिंसाविरुद्ध सञ्चार अभियान पनि सञ्चालन गरिएको थियो । वैदेशिक रोजगारीका लागि विदेश जाने र जान चाहने महिलाका लागि सजिलो होस् भनेर समयसमयमा जिल्ला र केन्द्रीयस्तरमा अन्तरक्रिया कार्यक्रम पनि गऱ्यौँ । नियमित रूपमा महिलाका विषयमा सञ्चार अनुगमन पनि गर्दै आएका छौँ । यसरी समूहले आफ्नो उद्देश्यअनुरूप विभिन्न कार्यक्रम गरेर महिलाका विषयलाई सञ्चारमाध्यममार्फत नीति-निर्णयक तहमा रहेका व्यक्तिलाई घचघच्याउने काम गरेको छ । करिब एक वर्ष संविधानसभाको निर्वाचनका कारण अन्य क्षेत्रमा धेरै काम गर्न नसके तापनि त्यही निर्वाचनलाई नै केन्द्रित गरेर हामीले धेरै कार्यक्रम क्षेत्रीय र जिल्ला तहमा गरेका छौँ । जुन कुरा सबै सदस्यलाई अवगत नै छ । तर पनि कतिपय कार्यक्रममार्फत उठाइएका सबै विषयवस्तु कार्यान्वयन भए होलान् भने कतिपय विषयवस्तु कार्यान्वयन नभएको पनि हुन सक्छ । तर, यस्ता विषयवस्तु हामीले निरन्तर रूपमा उठाइरहेका छौँ, उठाउनु पनि पर्छ ।

अहिले मुलुक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक भएको छ । पहिलोपटक सम्पन्न भएको संविधानसभाको निर्वाचनबाट करिब ३३ प्रतिशत महिला निर्वाचित भएका छन् । यसले हामीलाई धेरै खुसी बनाएको छ । तर, यसरी बनेको संविधानसभाले हरेक क्षेत्रका महिलाको अधिकार सुरक्षित गर्नका लागि संविधानमा के लेखिन्छ त

भन्ने विषयमा हाम्रो विशेष चासो जानु आवश्यक छ । जुन कुरा हामीले मिडियामार्फत गर्दै आएका छौँ र भविष्यमा पनि यस विषयमा विशेष पहल हुनु आवश्यक छ । र, आगामी दिनमा हाम्रा कार्यक्रम त्यतातिर केन्द्रित रहने छन् ।

सञ्चारिका समूहले आयोजना गरेका धेरैजसो कार्यक्रममा आफ्ना साधारण सदस्यहरूलाई उहाँहरूको व्यावसायिक दक्षता बढाउनका लागि राजधानीलगायत राजधानीबाहिरका र केहीलाई विदेशमा विभिन्न तालिम, सम्मेलन, कार्यशाला, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा सहभागी गराइएको छ । समूहका केही यस्ता गतिविधिमा उहाँहरूको सक्रिय भूमिका पनि रहेको छ । त्यस्तै अन्य सङ्घसंस्थाबाट आएका कार्यक्रममा पनि जतिसक्दो आफ्ना साधारण सदस्यलाई समूहको प्रतिनिधिको रूपमा पठाउने प्रयास पनि हामीले गरेका छौँ ।

अहिले तराईका विभिन्न जिल्लामा केही समूहले पत्रकार र स्वतन्त्र सञ्चारमाध्यममाथि गरेको हस्तक्षेपको समूह घोर भर्त्सना गर्न चाहन्छ र समूह यस्ता घटना यथाशक्य रोक्न तथा निरुत्साहित गर्न सबै समूहसँग आग्रह गर्दछ ।

त्यसैगरी पत्रकार महिलाको सङ्ख्यात्मक वृद्धिका लागि हामीले केन्द्रीयस्तरदेखि जिल्लास्तरका मिडियाका प्रमुखहरूसँग अन्तरक्रिया पनि गरेका छौँ । यसको प्रतिफल राष्ट्रिय, स्थानीय तथा जिल्लास्तरका सञ्चारमाध्यममा महिला पत्रकारको सङ्ख्या बढेको छ ।

## सङ्गठनात्मक स्थिति

सञ्चारिका समूहको तीन वर्षअघि ११ सदस्यीय कार्यसमिति निर्वाचित भएको यहाँहरूलाई विदितै छ । निर्वाचित कार्यसमितिमा थप दुईजना

पत्रकार महिलालाई सञ्चारिका समूहको विधानअनुसार मनोनीत गरिएको छ । जसमा बाँके, नेपालगञ्जका पत्रकार रूपा गहतराज र काठमाडौंका पत्रकार विनिता चौधरी हुनुहुन्छ ।

यो कार्यकालदेखि समूहका तीन क्षेत्रीय शाखाका संयोजकहरूलाई पनि केन्द्रीय कार्यसमिति सदस्यसरह मान्यता दिने निर्णय सञ्चारिका समूहले गरेपछि हाल १६ सदस्यीय कार्यसमिति रहेको छ ।

अघिल्लो वर्षसम्म सञ्चारिका समूहमा ७८ जना महाधिवेशन प्रतिनिधि सदस्य रहेका थिए भने यस वर्ष हामीले काठमाडौंबाट सयजना पत्रकार महिलालाई साधारण सदस्यता प्रदान गरेका छौं । क्षेत्रीय शाखामा पनि समूहको साधारण सदस्यता लिनेहरूको सङ्ख्या बढेको छ । यसअघि राजधानीबाहिर र काठमाडौंमा गरेर करिब दुई सय ५० जना पत्रकार महिला सदस्य रहनुभएको थियो । समूहका यसअघि मध्यपश्चिमको नेपालगञ्ज, पश्चिमाञ्चलको पोखरा र पूर्वाञ्चलको धरानमा मात्र क्षेत्रीय शाखाहरू रहेका थिए भने यसपटक सुदूरपश्चिमको महेन्द्रनगरमा पनि क्षेत्रीय शाखा विस्तार गरिएको छ । यी सबै शाखाको अविधेशन यही चैत महिनाभित्र सम्पन्न भइसकेका छन् । पत्रकार महिलालाई आफ्नो सङ्गठनमा आबद्ध गराउने उद्देश्यले भविष्यमा जिल्लाहरूमा शाखा खोल्नका लागि पहल गर्ने योजना पनि बनाएको छ । यसका लागि कहीँ क्षेत्रगत र कहीँ जिल्लागत रूपमा शाखा खोल्न समूहको प्रयास हुनेछ । आज हामी समूहको चौथो महाधिवेशन गर्न गइरहेका छौं । म तपाईंहरूसँग यस विषयमा सुझाव माग्न चाहन्छु । समूहले कसरी काठमाडौंबाहिर आफ्ना शाखा विस्तार गर्न सक्छ भनेर ।

<u>विदेश भ्रमण</u>

डेनमार्कमा आयोजना भएको लोकतान्त्रिक प्रक्रियामा सञ्चारमाध्यमको भूमिका विषयक कार्यशाला गोष्ठीमा समूहका महासचिव निर्मला शर्मा तथा कोषाध्यक्ष यशोदा तिम्सिना जानुभएको थियो ।

त्यसैगरी भारतको नयाँदिल्लीमा युनिफेमद्वारा आयोजना भएको सिडको कार्यक्रममा समूहका कोषाध्यक्ष यशोदा तिम्सिनाले सहभागिता जनाउनुभएको थियो ।

यही मे ३० (२००८) मा सञ्चारिका समूहका अध्यक्ष बबिता बस्नेत सेनेगलमा आयोजना भएको वातावरणीय प्रभावमा लैङ्गिक अवधारणा विषयक तीनदिने कार्यक्रममा भाग लिन जानुभएको थियो ।

## भावी योजना

- पत्रकार महिलाहरूका लागि आधारभूत पत्रकारिता तथा फिचरलेखन तालिमको आयोजना गर्ने ।
- पत्रकारितामा आउन चाहनेहरूका लागि आधारभूत पत्रकारिता तालिमको आयोजना गर्ने (रेडियो, टेलिभिजन, अनलाइन, फोटो र अनलाइनलाई केन्द्रित गरेर) ।
- पत्रकार महिलाको सङ्ख्या बढाउनका लागि सञ्चारमाध्यमका नीति-निर्माण तथा निर्णायक तहमा रहेका व्यक्ति तथा सरकारका प्रतिनिधिसँग छलफल तथा अन्तरक्रिया गर्ने ।
- संविधानमा सबै क्षेत्रमा महिलाको समान सहभागिता कानुनी रूपमै कसरी गर्न सकिन्छ भनेर वकालत गर्ने । जस्तै- सञ्चारमाध्यममा महिलाको समान सहभागिता, महिला र सुरक्षा, कूटनीतिक क्षेत्रमा महिला सहभागिता, निजामती सेवामा

महिलाको पहुँच तथा समानुपातिक प्रतिनिधित्वलगायतका विषयमा मिडियामार्फत वकालत गर्ने ।

- संविधानसभाको निर्वाचनपछि हुने शान्ति-प्रक्रियाका हरेक चरणमा महिलाको सहभागितालाई लक्षित गरेर सञ्चार अभियान सञ्चालन गर्ने ।
- पत्रकारितामा आएका तथा आउन चाहने महिलाका लागि अवसरको खोजीका लागि पहल गर्ने ।
- मैले माथि पनि उल्लेख गरेकी छु समूहको सङ्गठन विस्तार र समूहका क्षेत्रीय र जिल्ला शाखालाई अहिलेको बदलिँदो परिस्थितिअनुरूप कसरी स्वायत्त र अधिकारमुखी बनाउने भन्नेबारेमा पहल गरिने ।

नयाँ नेपालको मिडिया कसरी महिलामैत्री बनाउने भन्नेबारेमा वकालत गर्ने ।

सुझावहरू तथा आगामी कार्ययोजनाका लागि सदस्यज्यूहरूमाा खुला छलफलका लागि आह्वान ।

स्वर्गीय पत्रकार उमा सिंहप्रति श्रद्धाञ्जली

२०६५ साल पुस २७ गते हत्या गरिएकी जनकपुरको टुडे एफएममा कार्यरत स्वर्गीय पत्रकार सिंहप्रति सञ्चारिका समूह श्रद्धाञ्जली व्यक्त गर्दछ । उमा सिंहको हत्याले एक होनहार पत्रकार गुमाउनुपर्दाको यो दुखद् घडीमा समग्र पत्रकार महिलाहरूले उहाँलाई सच्चा श्रद्धाञ्जली दिनका लागि यो पेसामा खरो रूपमा उत्रनुपर्छ ।

उमा सिंह पत्रकारिता पुरस्कार

उमा सिंहको हत्यापछि समूहले उहाँको हत्याको कारण पत्ता लगाई हत्यारालाई कडाभन्दा कडा कारबाहीका लागि दबाब दिनका लागि विभिन्न किसिमका आन्दोलन गर्‍यो । अहिले पनि आन्दोलन जारी छ । सञ्चारिका समूहको नेतृत्वमा महिला पत्रकारहरूको पहलमा विरोधस्वरूप मैनबत्ती जुलुस निकालियो ।

सञ्चारिका समूहले हरेक वर्ष प्रदान गर्दै आएको ‘सञ्चारिका प्रोत्साहन पुरस्कार’ यस वर्षदेखि स्वर्गीय पत्रकार उमा सिंहको नाममा प्रदान गर्ने निर्णय गरेको छ ।

‘स्वर्गीय उमा सिंह पत्रकारिता प्रोत्साहन पुरस्कार’ नामाकरण गरिएको यो पुरस्कार प्रत्येक वर्ष कम्तीमा दुई वर्ष पत्रकारिता पेसामा सक्रिय रूपमा काम गरेको एकजना महिला पत्रकारलाई प्रदान गरिनेछ । समूहको प्रत्येक वर्ष मनाइने वार्षिकोत्सवको दिन यो पुरस्कार प्रदान गरिनेछ । पुरस्कारको राशि ७,१११ (अक्षरेपी रु. सात हजार एक सय एघार रुपैयाँ) रहनेछ ।

निर्मला शर्मा<br>
महासचिव<br>
सञ्चारिका समूह